Sealed Quotation Form for the Supply of

**"Fully Automated Biochemistry Analyzer and Laboratory Reagent"**

In

**AMDA** Mechi Hospital

Mechinagar 10, Dhulabari, Jhapa

(ID no.:0098/AMDA/105/2081_82)

**"Technical & Financial Proposal"**

AMDA- Nepal,
AMDA Mechi Hospital
Mechinagar 10, Dhulabari, Jhapa
Phone No.:023-564550
E-mail: amh.dhulabari@amda.org.np URL: www.amda.org.np

**SUPPLIER'S PROFILE**

Name of Company / Firm: ……………………………………………………………………………………

Company/Firm Registration No.: ………………………………………………………………………

Address: ……………………………………………………………………………………………………
VAT/PAN No.: ………………………………………………………………………………………………
Validity/Expiry of VAT/Pan Certificate: ……………………………………………………………

Phone No.: ……………………………………………….. Fax No.: …………………………………

E-mail: ………………………………………………………………………………………………………

Web site: ……………………………………………………………………………………………………
Type of Transaction: Retailer/Stockiest/Supplier/Manufacturer
Others (Specify)………………………………………………………………………………………

Mailing Address:
……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………
……………………………………

I/We confirm the accuracy of the information given in the sealed quotation document and fully responsible to supply the items as cited under the following terms & condition.

Signature: Stamp:
Name of Proprietor:
Date:

AMDA-Nepal
THE ASSOCIATION OF MEDICAL DOCTORS OF ASIA • FOUNDED 1984 •
BETTER QUALITY OF LIFE FOR BETTER FUTURE
AMDA-Mechi Hospital
Mechinagar Municipality, Dhulabari, Jhapa

आम्दा नेपाल

आम्दा मेची अस्पताल

धुलाबारी

**शिलबन्दी बोलपत्र/दरभाउपत्र आव्हानको सूचना**

(सूचना नं. 0098/AMDA/105/2081_82)

**(प्रथम पटक सूचना प्रकाशित मिति:२०८१/०९/१६)**

आम्दा नेपाल मातहत सञ्चालित आम्दा मेची अस्पताल, धुलाबारी झापाको प्रयोगशाला विभागको स्तरोन्नति गर्ने निर्णय भएबमोजिम यस अस्पतालमा लागि मेडिकल उपकरण (Fully automed Bio-chemistry analyzer) खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक आपूर्तिकर्ताहरूबाट यो सूचना प्रकाशन भएको मितिले १४ दिन भित्र तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउ सहितको प्रस्ताव पेश गर्नुहुन आह्वान गरिएको छ ।

**शर्तहरु:**

१. आपूर्तिकर्ताले / प्रस्तावकले तोकिएको सामग्री बिक्रि गर्ने इजाजत प्राप्त गरेको हुनुपर्छ । आपूर्तिकर्ताले / प्रस्तावकले सामग्रीको पूर्ण विवरणको साथमा अध्यावधिक गरिएको कम्पनि / फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय संचालन गर्न छुट्टै स्वीकृति लिनुपर्ने भए सो को समेत स्वीकृति, नवीकरण खुलेको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि , करचुक्ता वा म्याद थप प्रमाणपत्र प्रतिलिपि, डिलरशिप प्रमाणपत्र संलग्न गर्नुपर्नेछ ।

२. रितपूर्वकको शिलबन्दी बोलपत्र/दरभाऊपत्र यो सूचना प्रकाशित भएको मितिले १४ दिन अर्थात् मिति २०८१/०९/२९ गते दिनको ४.०० बजे भित्र आम्दा मेची अस्पताल धुलाबारी झापामा पेश गरिसक्नुपर्नेछ ।

३. बोलपत्र/दरभाऊपत्र पेश गर्दा जम्मा रकम नेपाली मुद्राको दररेट अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा दुविधा भएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएको ठाउँमा सहीछाप गर्नु पर्नेछ । बोलपत्र/दरभाऊपत्रको प्रत्येक पानामा बोलपत्रदाताले सहीछाप गरेको हुनुपर्नेछ । त्यसो नभएको पाईएमा बोलपत्र फारम रद्ध गर्न सकिनेछ । नेपाल सरकारलाई तिर्न बुझाउन पर्ने भ्याट बाहेक सबै प्रकारका करहरू र स्थानीय स्तरमा तिर्नुपर्ने अन्य सबै प्रकारका कर तथा शुल्कहरुको दररेटमा समाबेश भएको मानिनेछ । बोलपत्रदाताले तोकिएको वस्तु तथा सेवाको आपूर्ति, मर्मत गर्नुपर्ने स्थान, अवधि, शर्तहरु आदिको पूर्ण विवरण बुझी जानी दररेट भरेको मानिनेछ । प्रस्ताव प्राप्त भए पछि सरसामानको गुणस्तर परिक्षण गर्नु पर्ने देखिएमा नमूना माग गर्न सकिनेछ ।

४. उपकरणको मूल्यांकन प्रचलित दरभाउ भन्दा अति न्यून पेश हुन आए उक्त उपकरणमा प्रयोगहुने सामग्री तथा रसायनको दर भाउ अनुसार साथै प्राविधिक समिति निर्धारण गरे बमोजिम / सेवा गुणस्तर अनुसार उपकरणको छनौट गरिनेछ ।

५. छनोट भएको आपूर्तिकर्ता संग ३ वर्षको लागि सम्झौता गरिनेछ । सम्झौताको मितिले २ वर्ष भित्रमा सम्बन्धित आपुर्तिकर्ताले अस्पतालमा डिस्टिल वाटर प्लान्ट निशुल्क स्थापना गर्नुपर्नेछ । सम्झौताको अवधिभर reagent / सामग्रीको मूल्य फेरबदल गर्न पाईनेछैन ।

६. बोलपत्र/दरभाऊपत्रमा संसोधन आवश्यक देखिएमा पेश गर्ने अन्तिम मिति अगावै आम्दा मेची अस्पतालले संसोधन गर्न सक्नेछ । अन्य शर्त तथा कार्य विवरण बोलपत्र/दरभाउपत्रमा उल्लेख भए बमोजिम हुनेछ । रितपूर्वक प्राप्त नभएका बोलपत्र उपर कुनै कारवाही हुने छैन साथै अन्य जुनसुकै कारणले यस सुचना वमोजिमको खरिद प्रकृया आंशिक वा पूर्णरूपमा स्विकृत गर्ने वा नगर्ने अधिकार आम्दा नेपालमा सुरक्षित राखिएको छ ।

७. शिलबन्दी बोलपत्र/दरभाऊपत्रहरु मिति २०८१/१०/०२ गते दिउसो २ बजे बोलपत्र/दरभाऊपत्रदाताहरु वा निजका प्रतिनिधिहरु समेतको रोहवरमा आम्दा मेची अस्पतालको कार्यालयमा खोलिनेछ । उक्त दिन सार्वजनिक बिदा परेमा बिदा

AMDA-Nepal
THE ASSOCIATION OF MEDICAL DOCTORS OF ASIA
AMDA-Mechi Hospital
Mechinagar Municipality, Dhulabari, Jhapa

पछी कार्यालय खुलेको दिन सोहि समय र स्थानमा खोलिनेछ। बोलपत्र/दरभाऊपत्रदाता वा प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र/दरभाऊपत्र खोल्न बाधा पुग्ने छैन।

१५.उपकरणमा लाग्ने रिएजेन्टको प्रति इकाइ मूल्य साथै प्रति टेस्टमा प्रस्ताव गर्नु पर्नेछ साथै रिएजेन्टको प्याकिंग साइज (Bottle size, ml, test, pack etc) प्रष्ट रुपमा उल्लेख गरि एउटा pack बाट कति टेस्ट हुन्छ भन्ने कुरा समेत प्रष्ट उल्लेख गरिएको हुनु पर्नेछ। रिएजेन्ट को प्रति इकाइ मूल्य (प्रति टेस्टमा) प्रस्ताव नभएका उक्त प्रशतावकलाई यस प्रक्रियामा समाबेश गरिने छैन।

१६. अस्पतालमा जडीत उपकरणको नियमित मर्मत संभारको जिम्मेवारी आपूर्तिकर्ता कम्पनीको हुनेछ।

१८. मेसिन मर्मतका लागि र रिएजेन्ट आपूर्तिमा समेत लगातार ७ दिन भन्दा बढी ढिलाई भई सेवा अवरुद्ध हुने अवस्था आएमा सम्झौता रद्द गर्न सकिने छ।

१९. प्राप्त भएका प्रस्तावहरु मध्ये प्राविधिक अध्यन/मुल्यांकन एवम आर्थिक अध्यन/मुल्यांकनका आधारमा उपयुक्त प्रस्तावक संग सम्झौता गरिने छ।

बोलपत्र/दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ।

**सम्पर्क राख्ने ठेगाना**

कार्यालयको नाम: आम्दा मेची अस्पताल

ठेगाना: मेचीनगर १०, धुलाबारी झापा।

फोन नं. ०२३-५६४५५०

ईमेल ठेगाना: amh.dhulabari@amda.org.np URL: www.amda.org.np

आम्दा मेची अस्पतालको उपरोक्त सूचना बमोजिम तोकिएका उपरोक्त शर्तहरु पूर्णरुपमा स्विकार गर्दछु/गर्दछौ।

संस्थापक वा आधिकारिक पदाधिकारीको नाम: ...........................

हस्ताक्षर: ....................................................................

मिति: .........................................................................

फर्म/कम्पनीको छाप:

AMDA-Nepal
THE ASSOCIATION OF MEDICAL DOCTORS OF ASIA
FOUNDED 1984
BETTER QUALITY OF LIFE FOR BETTER FUTURE
AMDA-Mechi Hospital, Dhulabari, Jhapa
Mechinagar Municipality